# तुम्बेवा गाउँपालिकाको विनियोजन ऐन

तुम्बेवा गाउँपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को

सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट

केही रकम खर्च गर्ने र विनियोजन गर्ने

सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

तुम्बेवा गाउँसभाबाट स्वीकृत

मितिः २०७६/०३ /१०

## तुम्बेवा गाँउपालिकाको कार्यालय

मौवा, पाँचथर

प्रदेश नं. १

# <u>स्थानीय तहको विनियोजन ऐन</u>

**तुम्बेवा गाउँपालिकाको आर्थिक बर्ष २०७६/२०७७को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मिति: २०७६/०३/१०

**<u>प्रस्तावना:</u>** तुम्बेवा गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम तुम्बेवा गाउँ सभाले यो ऐन बनाएको छ।

१.**<u>संक्षिप्तनामर प्रारम्भ:</u> (१)** यस ऐनको नाम **"तुम्बेवा गाउँपालिकाको विनियोजन ऐन, २०७६"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२.**<u>आर्थिक वर्ष २०७६/०७७ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार</u>**: (१)आर्थिक वर्ष २०७६/०७७ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु २५,८०,५०,०००।- (अक्षेरुपी पच्चीस करोड असी लाख पचास हजार रुपैया** मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **<u>विनियोजन:</u> (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/०७७ को निमित्त तुम्बेवा गाउँपालिका गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशत मान बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि-१
(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संञ्चितकोषबाट विनियोजन हुने रकम

**रु. हजारमा**

| **क्र.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजिगतखर्च** | **वित्तियव्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका | ४०,२९,५००।- | १८,२०,२५,०००।- | | |
| २ | | वडा समिति | १,५०,००,०००।- | १,६५,७०,०००।- | | |
| ३ | | बिषयगतशाखा | २०,००,०००।- | २१,६०,०००।- | | |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी ( शेयर/ऋण) | | | | |
| | | **कुल जम्मा** | २,१०,२९,५००।- | २०,०७,५५,०००।- | | |